# Global Money Week-2022

## वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम




**बागमती प्रदेश**

**रत्ननगर, चितवन**

२०७८ चैत्र १२

**परिचय :** निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभागको पत्रसंख्याः बैं.वि.नि.वि./नीति/सूचना/१३/०७८/७९ मिति २०७८/११/१२ को पत्रमार्फत इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरिएको सूचना बमोजिम मिति २०७८/१२/०७ देखि २०७८/१२/१३ (२१-२७ मार्च २०२२) सम्म Global Money Week-2022, सप्ताहमा वित्तीय साक्षरता मार्गदर्शन २०७८ बमोजिम वित्तीय साक्षरताका प्लेकार्ड सहित प्रभातफेरी गरी वित्तीय साक्षरता कार्यक्रम सातै प्रदेशको विभिन्न स्थानमा संचालन गरेको छ ।

**उद्देश्य :** वित्तीय साक्षरता कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन् ।

- वित्तीय लक्ष्य निर्धारण गर्न सक्ने क्षमता प्रदान गर्ने ।
- उपयुक्त वित्तीय सेवाहरू छनौट गर्न सक्ने क्षमता विकास गर्ने ।
- विवेकपूर्ण तरिकाले पैसा व्यवस्थापन गर्न सक्ने सीप बढाउने ।
- जीवनचक्र र व्यवसायका आवश्यकताहरूको पहिचान गर्न सक्ने ज्ञान र सीप प्रदान गर्ने ।
- पारिवारिक आवश्यकता र त्यसको प्रयोजन प्राथमिकिकरण सम्बन्धी ज्ञान हुने ।
- आम्दानी वृद्धि, वजेट निर्माण, नियमित बचत, उपयुक्त ऋण र पर्याप्त लगानी गर्न सक्ने ज्ञान सीप प्रदान गर्ने ।
- व्यावसायिक योजना निर्माण गर्न सक्ने सीप विकास गर्ने ।
- जोखिमको पहिचान गरी व्यवस्थापन गर्न सक्ने क्षमताको विकास गर्ने ।
- वित्तीय चेतना, ज्ञान र सीपको अभिवृद्धि गर्दै जाने ।
- बिद्युतीय वित्तीय सेवाहरूको जानकारी गराउने ।
- वित्तीय ज्ञानको अभाव भएका व्यक्तिलाई औपचारिक वित्तीय प्रणालीमा समेट्नुका साथै सामान्य वित्तीय जानकारी भएका व्यक्तिलाई नयाँ वित्तीय अवधारणाको जानकारी गराउने ।

**कार्यक्रम संचालन :** संस्थाले मिति २०७८ चैत्र १२ गते बागमती प्रदेशको रत्ननगर, चितवनमा, संस्थामा आवद्ध भएका सदस्य, अभिभावक, स्थानीय बासिन्दाहरूको उपस्थितिमा वित्तीय साक्षरताका प्लेकार्ड सहित प्रभातफेरी गरी वित्तीय साक्षरता सचेतनाका कार्यक्रमहरू संचालन गरी Global Money Week-2022 कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा ५७ जना महानुभावहरुको सहभागीता रहेको थियो ।

**उपलब्धी :** संस्थाले संचालन गरेको वित्तीय साक्षरता कार्यक्रममा उपस्थित संस्थामा आवद्ध भएका सदस्य, अभिभावक, स्थानीय बासिन्दाहरूलाई दैनिक जीवनका आधारभूत आवश्यकताको सामान्य ज्ञान, आवश्यकता र चाहना विच भिन्नता, वित्तीय उद्देश्य, पारिवारिक बजेट, बचतको आवश्यकता, बचत गर्ने तरिकाहरू, संस्थाले ऋण लगानी गर्दा र सदस्यले कर्जा लिँदा ध्यान दिनुपर्ने कुराहरू, व्यावसायिक योजनाको तयारी, सफलतापूर्वक ऋण व्यवस्थापन गर्न सुझावहरू, बजेट भित्र बस्ने उपायहरू, वित्तीय सेवा प्रदायकहरू छनोट गर्दा ध्यान दिनु पर्ने कुराहरू, बचत गर्दा तथा ऋण लिँदा बुझ्नु पर्ने कुराहरू, जोखिम सामना गर्ने उपायहरू, कर्जा, लघुउद्यम व्यवसाय योजना तथा जोखिम व्यवस्थापनको विषयमा जानकारी गराईएको थियो । त्यसको साथै विप्रेषण प्रापकहरूलाई लक्षित गरी वित्तीय अनुशासन, विद्युतीय वित्तीय सेवाहरू, वित्तीय लक्ष्य, विप्रेषण र सदुपयोगिता, ग्राहक पहिचान, केन्द्रीय बैंकको कार्यहरू, ग्राहक संरक्षण, सफा नोट नीति, सम्पत्ति शुद्धीकरण, कोषको लागत, आय उत्पादनका उपायहरूको बारेमा जानकारी गराईएको थियो ।